राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द

# कण्डम दिवस, २०१६

## "दोहोरो सुरक्षाकोलागि कण्डमको प्रयोग गरौ"

कण्डम एक मात्र साधन हो जसले सही तरिकाले हरेकपटकको यौनसम्पर्कमा प्रयोग गरेमा दोहोरो सुरक्षा दिन्छ ।
**पहिलो** एचआइभी तथा यौनरोग सर्नबाट बचाउछ । **दोस्रो** आफूले नचाहेको गर्भ रहनबाट बचाइ जन्मान्तर र परिवारको आकार सिमित गरी स्वस्थ जीवनयापन र समुन्नत परिवारका लागि सहयोग पुर्‍याउछ । यसैले कण्डम परिवार नियोजनको साधन मात्र नभएर एचआइभी तथा यौनरोग सर्नबाट बचाउने प्रभावकारी तथा भरपर्दो साधन पनि भएको छ । यसै गरी कण्डम एचआइभी सर्न सक्ने जोखिममा रहेका ब्यक्तिहरुलाई मात्र नभएर एचआइभी संक्रमित भैसककेका ब्यक्तिहरुलाई पनि यौनरोग लगायत एचआइभीको पुन:संक्रमण हुनबाट जोगाउन उत्तिकै आबश्यक छ ।

अहिले नेपाल लगायत विश्वले एकातर्फ तीब्र जनसंख्या बृद्धिको सामना गरिरहेको छ भने अर्कोतर्फ एचआईभी तथा यौनजन्य संक्रमणहरुले सामाजिक तथा आर्थिकरुपमा चुनौती दिइरहेको छ । हालसम्म संसारभरका करीब तीन करोड सत्तरी लाख मानिसहरू एचआईभी भएर बाँचिरहेका छन् भने सन २०१५ सम्ममा नेपालमा करीव ३९,३९७ जनामा एचआइभीको संक्रमण भएको अनुमान गरिएको छ । हालसम्मको तथ्याङ्क अनुसार नेपालमा करीब ८५ प्रतिशत एचआइभी संक्रमण कण्डम बिना गरिने यौनसम्पर्कको कारण सरेको पाइएको छ । नेपालको वयस्कहरुमा एचआईभी Prevalence ०.२०६ प्रतिशत (सन् २०१५) रहेको छ ।

सन् २०११ को जनगणना अनुसार नेपालको जनसंख्या २ करोड ६५ लाख रहेको छ भने बार्षिक वृद्विदर १.३ प्रतिशत छ । प्रजनन उमेर समुह (१५ देखि ४९ बर्ष) का महिलाहरुको जन्मदर २.३ प्रति महिला रहेको र किशोर किशोरीहरुमा जन्मदर ७१ प्रतिशत रहेको छ । (Nepal Multiple Indicator Cluster Survey, 2014) । त्यसैगरि हाल नेपालमा कण्डम लगायत परिवार नियोजनको अन्य साधनहरु प्रयोग गर्नेहरु करिब ४९.७ प्रतिशत रहेको छ र प्रजनन् उमेरका २५.२ प्रतिशत भन्दा बढि महिलाहरुको परिवार नियोजनको माग अपुग छ । (Nepal Multiple Indicator Cluster Survey, 2014) ।कण्डमलाई परिवार नियोजनको साधनको रुपमा स्वीकार गर्ने नयाँ व्यक्तिहरुको संख्या बढ्दै गएको छ, स्वास्थ्य सेवा विभागको २०७१।०७२ को बार्षिक प्रतिवेदन अनुसार कण्डमको प्रयोग दर (नयाँ) करीब ३२ प्रतिशत रहेको छ । यद्यपि आई. बि. बि.एस सर्भे अनुसार एचआइभी तथा यौनरोग सर्नसक्ने जोखिममा रहेका समुदाय जस्तै यौनकर्मी, उनीहरुका ग्राहकहरु, पुरुष समलिंगीहरु, तेस्रोलिंगीहरु, सुइद्वारा लागूपदार्थ लिने ब्यक्तिहरुमा कण्डम प्रयोग गर्ने ब्यबहारमा पछिल्लो समय भन्दा केहि कमि आएको देखिन्छ । यी समुदायमा एचआइभी तथा यौनरोगको संक्रमणदर स्थीर अवस्थामा कायम राख्नको लागि कण्डम प्रयोग गर्ने ब्यबहारलाई अझ सशक्त रुपमा बढावा दिदैं जानुपर्ने देखिन्छ ।

राष्ट्रिय एडस् तथा यौनरोग नियन्त्रण केन्द्रको अगुवाईमा हाल नेपालमा एचआईभीसंग सम्वन्धित सेवाहरु जस्तै: एचआईभी परामर्श तथा परिक्षण, PMTCT, उच्च जोखिममा रहेका लक्षित समुदायमा एचआईभी रोकथाम कार्यक्रम, उपचार हेरचाह तथा सहयोग र यौनरोगको रोकथाम तथा नियन्त्रण कार्यक्रम ७५ वटै जिल्लाहरुमा अवस्थित विभिन्न सरकारी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरु मार्फत प्रदान गरिदै आएको छ ।

हाम्रोजस्तो विकासोन्मुख मुलुकका लागि एचआईभी संक्रमण र जनसंख्या वृद्वि दुवै ठूला चुनौतिका रूपमा रहेको अवस्थामा जनसंख्या बृद्धिदरलाई कम गर्नका साथसाथै एचआइभी तथा यौनरोग संक्रमणलाई कम गर्नका लागि कण्डमको सहज र सुलभ उपलब्धता तथा पहुँच हुन जरुरी छ । यसको लागि नेपाल सरकारले निशुल्क रुपमा कण्डम वितरण गर्दै आएको छ । यसर्थ कण्डम प्रतिको नकारात्मक सोंच र धारणा हटाएर सकारात्मक हुन जरुरी छ ।

यसै कुराहरुलाई मनन गरी कण्डम प्रयोगबाट हुने दोहोरो सुरक्षा, उपयोगिता, फाइदा र महत्व बारे जानकारी दिने तथा कण्डममा सहज र सुलभ रुपमा पहूँच बढाउने उद्देश्यले यस वर्ष दोहोरो सुरक्षाकोलागि कण्डमको प्रयोग गरौ भन्ने मुल नारा सहित कण्डम दिवस बिभिन्न कार्यक्रमहरु गरी देशैभरि मनाइदैछ र यस अभियानमा सक्रियरुपमा सहभागी भई सहयोग गर्न बिभिन्न ब्यक्ति, सरकारी, गैरसरकारी तथा समुदायमा आधारित संघसंस्थाहरु, नीजि क्षेत्र, नागरिक समाज, संचार माध्यम सबैलाई हार्दिक अपिल गरिन्छ ।

धन्यबाद ।

निर्देशक